# कृषि बिकास बैंक लिमिटेड

## रामशाहपथ, काठमाडौं

## अपरिष्कृत बित्तिय बिबरण (त्रैमासीक)

## आर्थिक बर्ष २०७२/०७३ दोस्रो त्रैयमास

*रु हजारमा*

| क्रं. सं. | बिबरण | यस त्रैयमास अन्त | गत त्रैयमास अन्त | गत आ. ब. यस त्रैयमास अन्तको |
|---|---|---|---|---|
| १ | **कुल पुंजी तथा दायित्व (१.१ देखि १.७ सम्म)** | **१०४,४१६,१६४** | **१०१,३२०,१७४** | **९३,८१५,६२०** |
| १.१ | चुक्ता पुंजी | ९,८६०,८०० | ९,८६०,८०० | ९,६३६,८०० |
| १.१.१ | साधारण शेयर | ३,४२४,००० | ३,४२४,००० | ३,२००,००० |
| १.१.२ | अबिमोच्य, असंचिती, अग्राधिकार शेयर | ६,४३६,८०० | ६,४३६,८०० | ६,४३६,८०० |
| १.२ | जगेडा तथा कोष | ५,३६१,६७३ | ५,२६२,८२५ | ६,६३०,१०९ |
| १.३ | ऋण पत्र तथा बण्ड | १,८४०,००० | १,८४०,००० | २,३००,००० |
| १.४ | सापटीहरु | ६२१,८५२ | ६२७,४२३ | ६८७,०११ |
| १.५ | निक्षेप (क+ख) | ८२,५४०,९८३ | ७९,७७२,१८४ | ६९,०७५,६८७ |
| | क. स्वदेशी मुद्रामा | ८२,५३४,७७६ | ७९,७६६,३१६ | ६९,०६४,३६८ |
| | ख. बिदेशी मुद्रामा | ६,२०७ | ५,८६७ | ११,३१९ |
| १.६ | आयकर दायित्व | – | – | – |
| १.७ | अन्य दायित्व | ४,१९०,८५६ | ३,९५६,९४२ | ५,४८६,०१३ |
| २ | **कुल सम्पत्ति (२.१ देखी २.७ सम्म)** | **१०४,४१६,१६४** | **१०१,३२०,१७४** | **९३,८१५,६२०** |
| २.१ | नगद तथा बैंक मौज्दात | १३,३५१,१४७ | १९,६६६,४६४ | ७,९०१,३७५ |
| २.२ | माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | १५१,२१३ | १४५,५७३ | ८८,५८३ |
| २.३ | खुद लगानी | १५,४२४,८८० | ७,८२९,७८१ | १४,०१९,७७३ |
| २.४ | खुद कर्जा तथा सापट | ६७,५७९,०३२ | ६६,३८८,३२३ | ६१,७६२,५६८ |
| | क. रियल स्टेट कर्जा | ६२४,६८७ | ६२०,४६० | ५९५,४५५ |
| | १. आवासीय घर कर्जा | – | – | – |
| | २. ब्यापारीक घर तथा आवासीय अर्पाटमेन्ट | ६२४,६८७ | ६२०,४६० | ५९५,४५५ |
| | ३. ब्यावसायिक कम्पलेक्स | – | – | – |
| | ४. अन्य रियलस्टेट कर्जा | – | – | – |
| | ख. आवासीय घर कर्जा (रु १ करोड सम्म) | ३,०९७,४७० | ३,०८५,६०० | २,७९५,६०४ |
| | ग. मार्जिन प्रकृतिको कर्जा | – | – | – |
| | घ. आवधिक कर्जा | १९,७५९,२२४ | २१,३८१,५३३ | २१,९७७,३६१ |
| | ङ ओभर ड्राफट/ट्रस्ट रिसिप्ट/संचालन पुंजी कर्जा | ३७,५४२,६८९ | ३४,०७७,००० | २९,८१९,३७६ |
| | च. अन्य कर्जाहरु | ६,५५४,९६२ | ७,२२३,७३० | ६,५७४,७७२ |
| २.५ | स्थिर सम्पत्ति | १,२३७,१६२ | १,२३४,८७० | १,३२८,९१५ |
| २.६ | खुद गैर बैंकिंग सम्पत्ति | – | – | – |
| | कुल गैर बैंकिंग सम्पत्ति | १४२,७५२ | १४२,७५२ | ६२,५९२ |
| | कुल गैर बैंकिंग सम्पत्ति ब्यबस्था | (१४२,७५२) | (१४२,७५२) | (६२,५९२) |
| २.७ | अन्य सम्पत्ति | ६,६७२,७३० | ६,०५५,१६३ | ८,७१४,४०६ |
| **३** | **नाफा नोक्सान हिसाब** | **यस त्रैयमास सम्म** | **गत त्रैयमास सम्म** | **गत आ. ब. यस त्रैयमास सम्म** |
| ३.१ | ब्याज आम्दानी | ३,७९९,१८३ | १,८७४,३३६ | ३,८२६,३३४ |
| ३.२ | ब्याज खर्च | १,८०८,१४८ | ७८०,९२९ | १,४९१,६०९ |
| क. | **खुद ब्याज आम्दानी (३.१ – ३.२)** | **१,९९१,०३५** | **१,०९३,४०८** | **२,३३४,७२५** |
| ३.३ | शुल्क, कमिशन र बट्टा आम्दानी | ९६,८६७ | ५४,०७५ | १३०,७७४ |
| ३.४ | अन्य संचालन आम्दानी | २०७,८६३ | ७७,३६२ | २२३,९०७ |
| ३.५ | सटही आम्दानी/(खर्च) | १०८,७६९ | ५१,९३४ | ७४,७१४ |
| ख. | **कुल संचालन आम्दानी ( क + ३.३ + ३.४ +३.५)** | **२,४०४,५३४** | **१,२७६,७७८** | **२,७६४,१२०** |
| ३.६ | कर्मचारी खर्च | १,३१०,११७ | ६०६,९९८ | १,४१९,९३८ |
| ३.७ | अन्य संचालन खर्च | १८७,८८५ | १२१,९८४ | २०२,१५८ |
| ग. | **नोक्सानी ब्यबस्था अधिको संचालन मुनाफा (ख –३.६–३.७)** | **९०६,५३२** | **५४७,७९६** | **१,१४२,०२४** |
| ३.८ | सम्भावित नोक्सानी ब्यवस्थाहरु | ६४१,२२० | ३१६,४७६ | ६३२,२३९ |
| घ. | **संचालन मुनाफा (ग–३.८)** | **२६५,३११** | **२३१,३१९** | **५०९,७८५** |
| ३.९ | गैर संचालन आम्दानी/(खर्च) | (१५३) | (१९८) | ४,८५० |
| ३.१० | सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता | ३२७,१६७ | २१८,०४४ | २७८,८०५ |
| ङ | **नियमित कारोबारबाट भएको मुनाफा (घ + ३.९ +३.१०)** | **५९२,३२५** | **४४९,१६५** | **७९३,४४०** |
| ३.११ | असामान्य कारोबार बाट भएको आम्दानी/(खर्च) | ६१,६४६ | ४१,७८८ | १०९,७५९ |
| च. | **बोनस र कर अधिको नाफा (ङ + ३.११)** | **६५३,९७१** | **४९०,९५३** | **९०३,१९९** |
| ३.१२ | कर्मचारी बोनश ब्यबस्था | ४८,४४२ | ३६,३६७ | ६६,९०४ |
| ३.१३ | आयकर ब्यबस्था | २१८,००० | १६५,९०६ | ३०१,७६१ |
| छ. | **खुद नाफा/नोक्सान (च - ३.१२ - ३.१३ )** | **३८७,५२९** | **२८८,६८०** | **५३४,५३४** |
| **४** | **अनुपातहरु** | **यस त्रैयमास अन्त** | **गत त्रैयमास अन्त** | **गत आ. ब. यस त्रैयमास अन्त** |
| ४.१ | पुंजी कोष/जोखिम भारित सम्पत्ति (CAR) | १२.६७% | १२.८३% | १५.१८% |
| ४.२ | निस्कृय कर्जा/कुल कर्जा (NPL) | ५.३६% | ५.१५% | ५.१४% |
| ४.३ | संभावीत नोक्सानी ब्यवस्था/कुल निष्क्रिय कर्जा (LLP/NPL) | १५३.१३% | १५३.६५% | १५२.८९% |
| ४.४ | कोषको लागत (Cost of Fund) | ५.१५% | ५.८०% | ५.७४% |
| ४.५ | कर्जा निक्षेप अनुपात ( ने. रा. बै. निर्देशन अनुसार ) CCD Ratio | ७२.०२% | ७४.१४% | ७५.९९% |
| ४.६ | आधार ब्याज दर (Base Interest Rate) | ९.१३% | १०.१६% | १०.८०% |
| ४.७ | औषत ब्याजदर अन्तर ( ने. रा. बै. निर्देशन अनुसार ) (Interest Rate Spread) | ५.४९% | ५.२८% | ५.३१% |
| ४.८ | प्रति शेयर आम्दानी (रु)* (EPS) | ११.३६ | २२.४४ | १९.९४ |
| ४.९ | मुल्य / आम्दानी अनुपात (P/E Ratio) | ४७.९९ | २४.२८ | २७.३३ |
| ५.० | सम्पत्तीमा प्रतिफल* (ROA) | ०.७४% | १.१४% | ०.७३% |
| ५.१ | इक्विटीमा प्रतिफल* (ROE) | ८.८२% | १३.२९% | ७.०९% |
| ५.२ | प्रति शेयर खुद मुल्य (Networth Per Share) | २५६.५९ | २५३.७० | ३०१.१६ |
| ५.३ | तरलता अनुपात (Liquidity Ratio) | ३२.३०% | ३२.३१% | २९.१४% |

सुपरिबेक्षकीय निकाय तथा बैधानीक लेखा परिक्षकको निर्देशनको आधारमा हिसाबहरु पुन: बर्गीकरण वा पुन: लेखन हुनसक्ने ।

*बार्षिकीकरण गरीएको (साधारण शेयर मात्र) ।

# कृषि बिकास बैंक लि.

## त्रैमासिक प्रतिवेदन

आ. व. २०७२/०७३ पौष

धितोपत्र दर्ता तथा निश्काशन नियमावली २०६५ नियम २२ (२) अनुसार

१. बित्तीय बिबरण

**(क) त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान सम्बन्धी बिबरण:**

आथिक  बर्ष २०७२/०७३ को दोस्रो त्रैमासिक विवरण माथि उल्लेख भए बमोजिम ।

**(ख) प्रमुख बित्तिय अनुपातहरु:**

आथिक  बर्ष २०७२/०७३ को दोस्रो त्रैमासिक विवरण माथि उल्लेख भए बमोजिम ।

**२. व्यबस्थापकिय बिश्लेषण:**

**(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी बिबरण:**

यस अवधिमा निक्षेप, आम्दानी लगायत बैंकको समग्र कारोवारमा बृद्धि भएको, तरलताको अवस्था सन्तोषजनक रहेको छ

**(ख) आगामी अवधिको ब्याबसायिक योजनाको सम्बन्धमा:**

बैंकको पहिचान तथा प्रतिस्पर्धात्मक क्षेत्रको रुपमा रहेको व्यवसायिक कृषिको क्षेत्रलाई विशेष प्राथमिकता दिंदै ग्राहकको चाहना अनुरुप सामाजिक अभिमुखीकरण, समावेशीकरण तथा वित्तीय साक्षरतासहितको सघन एवं बिस्तृत बैंकिंग सेवा प्रदान गर्ने । बैंकको सेवाको गुणस्तरमा अभिबृद्धि गर्दै मानव संसाधनको उचित बिकास तथा परिचालन, Core Banking System T 24 मा बिस्तार एवं समग्र व्यवसायमा अभिबृद्धि गरी गुणात्मक सेवा प्रवाहको माध्यमद्धारा सम्पूर्ण सरोकारवालालाई लाभान्वित बनाउने ।

**(ग) बिगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी बिश्लेशणात्मक बिबरण:**

बैंकको कारोबार संचालनको सन्दर्भमा सृजना हुनसक्ने जोखिमलाई कानूनी एवं प्रशासनिक प्रक्रृयाबाट व्यवस्थापन गरी जोखिम न्युनिकरण गर्न बैंक प्रतिवद्धताका साथ क्रियाशिल रहेको तथा यसप्रकारका संचालन जोखिमबाट पर्नसक्ने क्षतीलाई बैंकको नियमित कारोवार विस्तारको माध्यमबाट पुर्ति गरी व्यवसायिकरुपमा सफलता हांसिल हुनेगरी कार्यक्रम संचालन गरिने ।

३. कानुनी कारबाही सम्बन्धी बिबरण

**देहाय अनुसारको मुद्दा दायर भएको भए, मुद्दा दायर भएको मिति, बिषय, मुद्दा दायर भएको संस्थापक वा संचालकको नाम र संभाब्य कानुनी उपचार सम्बन्धी बिबरण:**

**(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको बिरुद्ध कुनै मुद्दा दायर भएको भए:**

बैंकले यस अवधिमा कुल १ थान मुद्दा दायर गरेको छ ।

**(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको बिरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए:**

यस बैंकको जानकारीमा नभएको ।

**(ग) कुनै संस्थापक वा संचालक बिरुद्व आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर  भएको भए:**

यस बैंकको जानकारीमा नभएको ।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी बिश्लेषण:**

**(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा ब्यबस्थापनको धारणा:**

यस बैंकको शेयर निर्वाधरुपमा बजारमा खरीद बिक्री भैरहेको, बैंकको शेयरप्रति आम सर्वसाधारण लगानीकर्ताको विश्वास कायम रहेको तथा बजारले बैंकको शेयर ठिक ढंगबाट ग्रहण गर्दै आएकोले समग्र शेयर कारोवारको अवस्था सन्तोषजनक रहेको

**(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मुल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या:**

| शेयरको अधिकतम मुल्य | न्युनतम मुल्य | अन्तिम मुल्य | शेयर कारोबार भएको कुल दिन | कुल शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| रु ५५९ | रु ४२० | रु ५४५ | ५७ | १२८१ |

**५. समस्या तथा चुनौती:**

**संगठित संस्थाले बहन गर्नु परेको समस्या तथा चुनौती स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने र उक्त समस्या तथा चुनौतीलाई संगठित संस्थाको आन्तरिक र बाह्य भनी बर्गीकरण गरी त्यस्तो समस्या तथा चुनौती समाधान गर्न ब्यबस्थापनले अबलम्बन गरेको रणनीति सम्बन्धी बिबरण:**

**आन्तरिक:**

यस बैंकको आन्तरिक समस्या तथा चुनौती अन्तर्गत मुख्यत प्रभावकारी कार्य संचालन प्रणालीको विकास गर्नु, बढदो संचालन खच, नियन्त्रण गर्नु, निष्कृय तथा अपलेखित कर्जाको प्रभावकारी व्यवस्थापनमा गर्नु, कोषको लागत, आधार ब्याजदर तथा ब्याजदर अन्तरको ब्यबस्थापनमा गर्नु तथा कर्मचारीको दक्षता अभिबृद्धि र प्रभावकारी परिचालनमा गर्नु आदि रहेका छन ।

**बाह्य:**

बैंकको बाह्य चुनौती अन्तर्गत देशको आर्थिक तथा राजनैतिक संक्रमणकालिन अवस्था, उर्जा संकट, ईन्धन संकट, विनासकारी भूकम्पले पारेको असर, बजारमा कायम अत्यधिक तरलता तथा कर्जाको मागमा आएको गिरावट, बैंकिंग क्षेत्रमा बढेको प्रतिस्पर्धा, लामो समयको तराई आन्दोलन तथा धर्नाले व्यापार व्यवसायमा पारेको असरले सिर्जना गरेको न्युन अंकको आर्थिक बृद्धिदरको सम्भावना लगायतका विषयहरु मुल चुनौतीको रुपमा रहेको र यो बैंक समेत उपर्युक्त कारणहरुबाट पर्न जाने प्रभावको लागि अपवादको रुपमा रहन नसक्ने ।

**चुनौती समाधान गर्न ब्यबस्थापनले अबलम्बन गरेको रणनीति:**

उपर्युक्त समस्याको समाधान गर्न तथा चुनौतीहरुको सामना गर्न बैंकले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ पार्दै समग्र कार्य संचालन प्रणालीमा प्रभावकारीता अभिबृद्धि, कारोवार संचालनमा मितव्ययीता, बैंकमा भित्र्याईएको अत्याधुनिक बैंकिंग प्रविधि T 24 को सुरक्षित एवं अधिकतम प्रयोग, बैंकको सम्पूर्ण श्रोत र साधनको अधिकतम परिचालन गरी निष्कृय तथा अपलेखित कर्जा असुलीमा प्रभावकारीता, प्रतिस्पर्धी ब्याजदर कायम गर्दै आधार ब्याजदर तथा ब्याजदर अन्तरको प्रभावकारी व्यवस्थापन, उपलब्ध जनशक्तिको दक्षता र प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि गर्दै सन्तुलित र प्रभावकारी जनशक्ति परिचालन गर्ने पद्धतीको विकास गरी आन्तरिक समस्याहरुको समाधान तथा बाह्य चुनौतीहरुको कारण पर्नसक्ने जोखिमको पूर्वानुमान गरी सो को लागि आवश्यक रणनीति तयार गरी अवलम्बन गर्दै आएको छ ।

**६. संस्थागत सुशासन**

नेपाल राष्ट्र बैंकबाट जारी गरिएका संस्थागत सुशासन सम्बन्धी सम्पूर्ण ब्यबस्थाको प्रभावकारीरुपमा पालना गरिएको छ । भविश्यमा पनि यसतर्फ थप सजगता अपनाउंदै बैंक संचालक तथा ब्यबस्थापन आफ्ना शेयरधनीहरु, सर्बसाधारण निक्षेपकर्ता तथा सम्पुर्ण सरोकारवालाहरुको हित संरक्षण गर्नका लागी सदैव प्रतिबद्ध रहेको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिबरणहरुको शुद्वता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उदघोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिबेदनमा उल्लेखित बिबरणहरु सत्य, तथ्य र पूर्ण छन र लगानीकर्ताहरुलाई सुसूचित गर्न तथा निर्णय लिन आवश्यक कुनै बिबरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।